# नेपाल स्टक एक्सचेन्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)


पत्र संख्या :
चलानी नं. :

## प्रेस विज्ञप्ति

नेपाल स्टक एक्सचेन्ज लिमिटेडले धितोपत्रको सूचीकरण, कारोबार, राफसाफ तथा फछ्र्यौटको सुसञ्चालनका लागि आवश्यक प्रबन्ध मिलाएको छ । यसैगरी कारोबारका लागि आवश्यक सूचना, कारोबारपछिका विवरणहरु विभिन्न माध्यमबाट सरोकारवालाहरुलाई उपलब्ध गराउँदै पनि आएको छ । यसै सन्दर्भमा नेप्सेको वेभसाइट र लगानीकर्ताले प्रयोग गर्ने Trade Management System (TMS) मा एउटै data नआएको भन्ने विषयमा केही कुरा प्रष्ट गर्नुपर्ने भएकाले यो विज्ञप्ति जारी गरिएको छ । नेप्सेले अन्तर्राष्ट्रिय अभ्यास बमोजिम कारोबारको data TMS मा Real Time मा उपलब्ध गराउँछ भने Website मार्फत एक मिनटको अन्तरालमा data प्रवाह हुन्छ । संसारभरका Stock Exchange हरुले सशुल्क तथा नि:शुल्क रुपमा विभिन्न समय अन्तरालमा कारोबारका data प्रदान गर्ने गरेका छन् । कतिपय Stock Exchange ले १५ मिनटसम्मको अन्तरालपछि कारोबारको data वेभसाइटमार्फत दिने गरेका छन् । माथि उल्लेख गरिएभैं सरोकारवालाको हितलाई ध्यानमा राखी नेप्सेले वेभसाइट मार्फत १ मिनटको अन्तरालमा data दिने गरेको छ । अत: समय अन्तरालका कारण कुनै समय विन्दुमा (point of time) मा प्रयोगकर्ताको TMS मा देखिने कारोबारको विवरण र वेभसाइटमा देखिने विवरण फरक पर्न सक्छ । यसलाई प्राविधिक समस्याको रुपमा नबुझिदिनु हुन नेप्से सबैमा अनुरोध गर्दछ ।

मिति : २०७६/०२/२७

मुराहरि पराजुली
प्रवक्ता


पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।
P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.
Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538
email : info@nepalstock.com